# नेपाल-तिव्वत सम्बन्धमा थापाथली सन्धिः ऐतिहासिक मूल्याङ्कन

**गोपालप्रसाद पोख्रेल,**

PRANAYAN (ISSN2505-0818 Print) (3149-7764 Online). Copyright ©2026. The Author(s): Published by TUTA , Terhathum Multiple Aatharai-6, Terhathum. Distributed under the terms of the Creative Commons Attribution 4.0. International Liscence (CC BY NC 4.0).

**गोपालप्रसाद पोख्रेल**

**उपप्राध्यापक**

**डिग्री क्याम्पस, बिराटनगर।**

**Email: bvlc.history@gmail.com**
**Orcid**

**https://orcid.org/0009-0007-5596-1131**

Double Blended Peer-Reviewed Research Journal
Plagiarism and AI Tested

**Date of Summission**
March 20, 2026

**Date of Acceptance**
July 15, 2026

**Date of Published**
August 27, 2026

## लेखसार

परिचयः सन् १८५६ मा नेपाल र तिब्बतबीच सम्पन्न थापाथली सन्धि नेपालको ऐतिहासिक कूटनीति, व्यापारिक सम्बन्ध तथा हिमाली भू-राजनीतिक इतिहासको महत्वपूर्णा दस्तावेज हो । नेपाल-तिब्बतबीच लामो समयदेखि विद्यमान व्यापारिक, मौद्रिक, सीमा तथा नेपाली व्यापारीको सुरक्षासम्बन्धी विवादका कारण सन् १८५५-१८५६ मा युद्धभएको थियो। युद्धपछि सम्पन्न थापाथली सन्धिले दुई देशबीचको सम्बन्धलाई नयाँ राजनीतिक, आर्थिक र कूटनीतिक आधार प्रदान गर्यो । यस अध्ययनको मुख्य उदेश्य थापाथली सन्धिको ऐतिहासिक पृष्भूमि, कारण, प्रमुख प्रावधान तथा यसको आर्थिक, कूटनीतिक, सामरिक र भू-राजनीतिक महत्त्वको विश्लेषण गर्नु हो । साथै, सन्धिले नेपाल-तिब्बत तथा नेपाल-चीन सम्बन्ध र हिमाली शक्ति-सन्तुलनमा पारेको प्रभाव पहिचान गर्नु अध्ययनको उदेश्य हो । अध्ययन ऐतिहासिक तथा गुणात्मक अनुसन्धान विधिमा आधारित छ । राष्ट्रिय अभिलेखालयमा रहेको थापाथली सन्धिको मूल दस्तावेज तथा नेपाल, भारत र बेलायतका इतिहासकारद्वारा प्रकाशित पुस्तक र अन्य द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तुलनात्मक ऐतिहासिक विधिबाट विश्लेषण गरिएको छ । अध्ययनले थापाथली सन्धिले नेपाललाई तिब्बतमा व्यापारिक सुविधा, ल्हासामा नेपाली प्रतिनिधि राख्ने अधिकार, नेपाली व्यापारीको सुरक्षा तथा वार्षिक १० हजार रुपैयाँ प्राप्त गर्ने व्यवस्था दिलाएको देखाएको छ । यसले नेपालको आर्थिक हित, कूटनीतिक प्रभाव र सामरिक स्वायत्तता सुदृढ गर्दै हिमाली भू-राजनीतिमा नेपालको महत्वपूर्ण भूमिका स्थापित गरेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जीः* थापाथली सन्धि, नेपाल-तिब्बत सम्बन्ध, कूटनीति, व्यापार, भू-राजनीति, जङ्गबहादुर राणा

## विषयपरिचय

कूटनीति आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धको एक महत्वपूर्ण साधन हो, जसका माध्यमबाट राज्यहरूले आफ्नो राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्दै अन्य राज्यसँग राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध सञ्चालन गर्छन् । वार्ता, सम्झौता, प्रतिनिधित्व र संवादका माध्यमबाट राज्यबीच उत्पन्न हुने विवादको समाधान, पारस्परिक हितको प्रवर्द्धन तथा शान्ति र स्थायित्व कायम गर्नु कूटनीतिका प्रमुख उद्देश्य हुन् । नेपालको भूराजनीतिक अवस्थिति र ऐतिहासिक अनुभवका सन्दर्भमा कूटनीतिक सम्बन्धलाई विशेष महत्त्वका साथ हेर्न सकिन्छ । पृथ्वीनारायण शाहले नेपाललाई "दुई ढुङ्गाबीचको तरुल" का रूपमा चित्रण गरेको भनाइले नेपालको संवेदनशील भूराजनीतिक अवस्थालाई संकेत गर्दछ । यही भूराजनीतिक यथार्थका कारण नेपालको परराष्ट्र सम्बन्धमा छिमेकी राज्यसँगको सम्बन्ध, राष्ट्रिय स्वाधीनताको संरक्षण र शक्ति-सन्तुलन कायम गर्ने विषय ऐतिहासिक रूपमा महत्वपूर्ण रहँदै आएका छन् (Rose, १९७१) । आधुनिक नेपालको परराष्ट्र नीति असंलग्नता, पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्रसङ्घको बडापत्र, सार्वभौमिक समानता, पारस्परिक सम्मान, अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्वजस्ता आधारभूत मान्यतामा आधारित रहेको पाइन्छ ।

नेपालको ऐतिहासिक कूटनीतिक सम्बन्धमध्ये तिब्बतसँगको सम्बन्ध विशेष महत्वको रहेको छ । नेपाल र तिब्बतबीचको सम्बन्ध केवल राजनीतिक वा कूटनीतिक प्रकृतिको नभई भौगोलिक, धार्मिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक आयाममा समेत विकसित भएको थियो। हिमालयले दुई भूभागबीच प्राकृतिक सीमाको काम गरे पनि कुती र केरुङजस्ता हिमाली मार्गले काठमाडौँ उपत्यका र तिब्बती पठारलाई लामो समयदेखि जोड्दै आएका थिए। काठमाडौँ उपत्यका दक्षिण एसिया र तिब्बतबीचको हिमाली व्यापारको महत्वपूर्ण केन्द्रका रूपमा विकसित भएको थियो । यी मार्गबाट व्यापारी, तीर्थयात्री, धार्मिक विद्वान् तथा अन्य व्यक्तिहरूको आवतजावत हुनुका साथै विभिन्न वस्तु, कला, प्रविधि र धार्मिक-सांस्कृतिक विचारको आदानप्रदान हुँदै आएको थियो (Michaels, २०२४; Rose, १९७१) । यस अर्थमा नेपाल-तिब्बत सम्बन्धलाई हिमाली क्षेत्रको ऐतिहासिक अन्तरनिर्भरता र अन्तरसम्बन्धको महत्वपूर्ण उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपाल-तिब्बत सम्बन्धको प्रारम्भिक विकास लिच्छवि कालदेखि नै भएको देखिन्छ । सातौँ शताब्दीमा तिब्बती शासक स्रोङ्त्सेन गाम्पोको उदयसँगै तिब्बत शक्तिशाली राजनीतिक राज्यका रूपमा विकसित हुँदै

गर्दा नेपालसँगको सम्बन्धसमेत सुदृढ भएको थियो । नेपाली राजकुमारी भृकुटी र तिब्बती शासक स्रोङ्त्सेन गाम्पोबीच भएको वैवाहिक सम्बन्धलाई नेपाल-तिब्बतबीचको प्रारम्भिक कूटनीतिक तथा सांस्कृतिक सम्पर्कको महत्वपूर्ण आधारका रूपमा लिइन्छ । यस सम्बन्धमार्फत नेपाली बौद्ध कला, वास्तुकला तथा धार्मिक परम्पराको प्रभाव तिब्बतसम्म विस्तार भएको परम्परागत ऐतिहासिक विवरण पाइन्छ। यद्यपि भृकुटीको वंश, वैवाहिक सम्बन्ध र त्यसको समयसम्बन्धी केही विवरणमा ऐतिहासिक स्रोतहरूबीच मतभिन्नता पाइन्छ, तथापि नेपाल र तिब्बतबीच प्राचीन कालदेखि नै धार्मिक तथा सांस्कृतिक सम्पर्क रहेको तथ्य महत्वपूर्ण छ (Michaels, २०२४) । त्यस्तै, लिच्छवि राजा नरेन्द्रदेवले तिब्बतमा आश्रय प्राप्त गरी तिब्बती सहयोगमा आफ्नो शासन पुनःस्थापित गरेको घटनाले प्राचीन नेपाल-तिब्बत सम्बन्धमा राजनीतिक तथा सामरिक पक्षसमेत रहेको देखाउँछ ।

मध्यकालमा मल्ल शासकहरूको उदयसँगै नेपाल-तिब्बत सम्बन्धमा व्यापारिक आयाम थप महत्वपूर्ण बन्यो । काठमाडौँ उपत्यका भारत र तिब्बतबीचको Trans–Himalayan व्यापारको मध्यवर्ती केन्द्रका रूपमा विकसित भयो । विशेषतः नेवार व्यापारीहरूले तिब्बतका ल्हासा, शिगात्से र अन्य प्रमुख व्यापारिक केन्द्रमा व्यापारिक सञ्जाल विस्तार गरेका थिए । यस व्यापारिक सम्बन्धले नेपाललाई तिब्बत र दक्षिण एसियाबीचको व्यापारमा महत्वपूर्ण मध्यस्थका रूपमा स्थापित गर्‍यो । यस कालखण्डमा नेपालले तिब्बतका लागि चाँदीका सिक्का निर्माण गर्ने कार्यसमेत गरेको थियो। तिब्बतमा नेपाली सिक्काको व्यापक प्रयोग र नेपालद्वारा टकमारी गरिने व्यवस्थाले दुई देशबीचको आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाएको थियो (Rose, १९७१) । तर सिक्काको शुद्धता, विनिमय दर तथा पुराना सिक्काको शोधभर्नासम्बन्धी विवाद क्रमशः नेपाल-तिब्बत सम्बन्धमा तनावको महत्वपूर्ण कारण बन्न पुग्यो । सन् १७६८ मा काठमाडौँ उपत्यका विजय गरी पृथ्वीनारायण शाहले आधुनिक नेपालको राजनीतिक एकीकरण गरेपछि नेपाल-तिब्बत सम्बन्धले नयाँ चरण प्रवेश गर्‍यो । एकीकृत नेपालको उत्तरतर्फको व्यापारिक तथा सामरिक हित र तिब्बतसँग विद्यमान मौद्रिक तथा व्यापारिक विवादका कारण दुई पक्षबीच तनाव बढ्दै गयो। यसै पृष्ठभूमिमा सन् १७८८ र १७९१-१७९२ मा नेपाल र तिब्बतबीच सैन्य सङ्घर्ष भए । दोस्रो युद्धका क्रममा तिब्बतको अनुरोधमा छिङ चीनले सैन्य हस्तक्षेप गरेपछि नेपालले आफ्नो सामरिक अवस्थालाई पुनर्विचार गर्नुपर्‍यो । अन्ततः सन् १७९२ को बेत्रावती सन्धिमार्फत युद्धको अन्त्य भयो। यस घटनाले नेपाल-तिब्बत सम्बन्धलाई नेपाल-चीन सम्बन्धसँग समेत जोड्दै हिमाली क्षेत्रमा त्रिपक्षीय शक्ति-सन्तुलनको आधार निर्माण गर्‍यो (Rose, १९७१) ।

उन्नाइसौँ शताब्दीको मध्यतिर आइपुग्दा हिमालयको भू-राजनीतिक परिवेशमा थप परिवर्तन आएको थियो । चीनमा छिङ शासन आन्तरिक विद्रोह तथा बाह्य शक्तिको दबाबबाट कमजोर हुँदै गएको थियो भने दक्षिण एसियामा ब्रिटिस इस्ट इन्डिया कम्पनीको प्रभाव निरन्तर विस्तार भइरहेको थियो । सन् १८४६ को कोतपर्वपछि सत्तामा आएका जङ्गबहादुर राणाले नेपालको सुरक्षा र राष्ट्रिय हितलाई तत्कालीन क्षेत्रीय शक्ति-सन्तुलनसँग जोडेर हेरे । ब्रिटिस भारतसँग प्रत्यक्ष सैन्य टकरावबाट बच्दै उनले नेपालको राजनीतिक तथा सामरिक प्रभाव कायम राख्ने व्यावहारिक कूटनीतिक नीति अपनाएको देखिन्छ (Rose, १९७१) । यसै सन्दर्भमा तिब्बतसँग लामो समयदेखि विद्यमान व्यापारिक विवाद, नेपाली व्यापारीहरूको अवस्था, करसम्बन्धी समस्या तथा पारस्परिक सम्झौताहरूको कार्यान्वयनका प्रश्नले नेपाल-तिब्बत सम्बन्धमा पुनः तनाव उत्पन्न गरायो ।

यी विवादहरूको परिणामस्वरूप सन् १८५५ मा नेपाल र तिब्बतबीच पुनः युद्ध सुरु भयो । नेपाली सेना कुती, केरुङलगायतका हिमाली मार्ग हुँदै तिब्बती भूभागतर्फ अघि बढ्यो। युद्धका क्रममा दुवै पक्षले उल्लेखनीय क्षति व्यहोरेपछि अन्ततः वार्ताका माध्यमबाट विवाद समाधान गर्ने प्रक्रिया अघि बढ्यो। यसको परिणामस्वरूप २४ मार्च १८५६ मा काठमाडौँको थापाथली दरबारमा नेपाल र तिब्बतबीच थापाथली सन्धि सम्पन्न भयो । उक्त सन्धिले दुई पक्षबीच युद्ध अन्त्य गरी शान्ति स्थापना गर्नुका साथै व्यापार, कूटनीतिक प्रतिनिधित्व, आर्थिक भुक्तानी, सीमा तथा पारस्परिक सुरक्षा सम्बन्धी विषयलाई संस्थागत गरेको थियो ( Rose, १९७१; Treaty of Thapathali, १८५६) ।

थापाथली सन्धि नेपाल-तिब्बत सम्बन्धको इतिहासमा महत्वपूर्ण राजनीतिक तथा आर्थिक दस्तावेजका रूपमा रहेको छ । सन्धिअनुसार तिब्बतले नेपाललाई वार्षिक १०,००० रुपैयाँ भुक्तानी गर्ने व्यवस्था गरिएको थियो । नेपाललाई ल्हासामा आफ्नो प्रतिनिधि राख्ने तथा नेपाली व्यापारीलाई तिब्बतमा व्यापार गर्न विभिन्न सुविधा उपलब्ध गराउने व्यवस्था पनि गरिएको थियो । नेपाली व्यापारीसँग सम्बन्धित व्यापारिक शुल्क तथा भन्सारसम्बन्धी केही सुविधा र नेपाली नागरिक तथा व्यापारीको संरक्षणका विषयसमेत सन्धिमा समेटिएका थिए (Treaty of Thapathali, १८५६) । यसबाट नेपालले तिब्बतसँगको व्यापारमा महत्वपूर्ण आर्थिक तथा कूटनीतिक सुविधा प्राप्त गरेको देखिन्छ । सन्धिले तिब्बतको बाह्य सुरक्षाका

सम्बन्धमा नेपाललाई निश्चित दायित्वसमेत प्रदान गरेको थियो, जसले यसलाई व्यापारिक सम्झौताका अतिरिक्त सुरक्षा र राजनीतिक सम्बन्धको दस्तावेजका रूपमा समेत स्थापित गर्छ।

थापाथली सन्धिको अर्को महत्वपूर्ण पक्ष यसको क्षेत्रीय शक्ति-राजनीतिसँगको सम्बन्ध हो। सन् १७९२ को बेत्रावती सन्धिपछि नेपाल र छिङ चीनबीच विकसित सम्बन्ध तथा तिब्बतमा चिनियाँ प्रभावको पृष्ठभूमिमा १८५६ को थापाथली सन्धिले नेपाललाई तिब्बतसँग प्रत्यक्ष आर्थिक तथा कूटनीतिक सम्बन्ध सञ्चालन गर्ने अवसर प्रदान गर्‍यो। अर्कोतर्फ, दक्षिण एसियामा ब्रिटिस इस्ट इन्डिया कम्पनीको बढ्दो प्रभावका बीच नेपालले आफ्नो उत्तरतर्फको प्रभाव र स्वायत्तता कायम गर्ने प्रयास गरेको देखिन्छ। यस दृष्टिले थापाथली सन्धिलाई नेपाल-तिब्बत द्विपक्षीय सम्बन्धको मात्र परिणाम नभई उन्नाइसौँ शताब्दीको हिमाली भू-राजनीति, व्यापारिक हित र क्षेत्रीय शक्ति-सन्तुलनसँग जोडिएको महत्वपूर्ण ऐतिहासिक घटनाका रूपमा अध्ययन गर्न सकिन्छ (Rose, १९७१; Michaels, २०२४)।

यद्यपि नेपाल-तिब्बत सम्बन्ध र नेपाल-तिब्बत युद्धबारे विभिन्न ऐतिहासिक अध्ययनहरू उपलब्ध छन्, थापाथली सन्धिलाई यसको आर्थिक, कूटनीतिक, सामरिक तथा भूराजनीतिक आयामलाई एकीकृत गरी विश्लेषण गर्ने अध्ययन अझै महत्वपूर्ण देखिन्छ। विशेषतः सन्धिको पृष्ठभूमिमा रहेका दीर्घकालीन व्यापारिक तथा मौद्रिक विवाद, सन् १८५५-१८५६ को युद्धको कारण, सन्धिबाट नेपालले प्राप्त गरेका अधिकार तथा त्यसले नेपाल, तिब्बत र छिङ चीनबीचको शक्ति-सन्तुलनमा पारेको प्रभावलाई एउटै विश्लेषणात्मक ढाँचामा अध्ययन गर्नु आवश्यक छ। यसै सन्दर्भमा प्रस्तुत अध्ययनले थापाथली सन्धिलाई केवल युद्धको अन्त्य गर्ने सम्झौताका रूपमा नभई नेपालको उन्नाइसौँ शताब्दीको कूटनीतिक रणनीति, आर्थिक हित र हिमाली शक्ति-राजनीतिको महत्वपूर्ण अभिव्यक्तिका रूपमा विश्लेषण गर्न खोजेको छ।

यस अध्ययनको मुख्य उद्देश्य सन् १८५६ को थापाथली सन्धिको ऐतिहासिक पृष्ठभूमि, कारण, प्रमुख प्रावधान तथा यसको आर्थिक, कूटनीतिक, सामरिक र भूराजनीतिक महत्त्वको विश्लेषण गर्नु हो। विशेषतः अध्ययनले नेपाल-तिब्बत सम्बन्धको ऐतिहासिक विकासक्रम पहिचान गर्ने, सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धका प्रमुख कारण विश्लेषण गर्ने, थापाथली सन्धिका प्रमुख प्रावधान तथा नेपालले प्राप्त गरेका अधिकारको मूल्याङ्कन गर्ने र सन्धिले नेपाल-तिब्बत तथा नेपाल-चीन सम्बन्धमा पारेको प्रभाव तथा उन्नाइसौँ शताब्दीको हिमाली शक्ति-सन्तुलनमा यसको योगदानको विश्लेषण गर्ने लक्ष्य राखेको छ।

## अनुसन्धान विधि

यो लेख ऐतिहासिक र गुणात्मक विश्लेषण विधिमा आधारित छ। राष्ट्रिय अभिलेखालयमा रहेको थापाथली सन्धिको सक्कल दस्तावेज स्रोतका साथै नेपाल, भारत, बेलायतका इतिहासकारहरूका प्रकाशित पुस्तक द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी तुलनात्मक ऐतिहासिक विधिबाट विश्लेषण गरिएको छ।

## नतिजा तथा विश्लेषण

जङ्गबहादुर राणाले १९औं शताब्दीको मध्यतिरको विश्व तथा क्षेत्रीय राजनीति र बदलिँदो शक्ति सन्तुलनलाई अत्यन्तै सूक्ष्म तरिकाले बुझेका थिए। उनले दक्षिणमा तीव्र गतिमा विस्तार भइरहेको र आधुनिक सैन्य सामर्थ्यले युक्त शक्तिशाली बेलायती इस्ट इन्डिया कम्पनीसँग प्रत्यक्ष सैन्य टकरावमा जानु नेपालका लागि आत्मघाती हुने निष्कर्ष निकालेका थिए। त्यसैले आफ्नो आन्तरिक सत्ता सुदृढीकरण, नेपाली सेनाको साख अभिवृद्धि र सुगौली सन्धिपछि गुमेको राष्ट्रिय स्वाभिमान पुनःस्थापना गर्न उनले उत्तरी छिमेकी तिब्बततर्फ आफ्नो ध्यान केन्द्रित गरे (Wright, १८७७)। तिब्बतमाथि सैन्य अभियान सञ्चालन गर्नुका पछाडि बहुआयामिक राजनीतिक, आर्थिक, सामरिक तथा कूटनीतिक कारणहरू विद्यमान थिए:

- व्यापारिक उत्पीडन तथा सुरक्षा सङ्कटः ल्हासा, शिगात्से, ग्यान्त्से लगायत तिब्बतका प्रमुख व्यापारिक केन्द्रहरूमा सदिऔँदेखि बसोबास गर्दै आएका नेपाली (विशेष गरी काठमाडौँ उपत्यकाका नेवार) व्यापारीहरूमाथि तिब्बती स्थानीय अधिकारीहरूद्वारा निरन्तर रूपमा गरिने थिचोमिचो, दुर्व्यवहार, अचाक्ली तथा गैरकानुनी कर असुली र उनीहरूको व्यक्तिगत धनजन एवं सम्पत्तिको सुरक्षाको चरम अभाव रहेको थियो।

- सीमा विवाद तथा हिमाली भञ्ज्याङहरूमाथिको अधिकारः नेपाल-तिब्बत सीमा क्षेत्रमा, विशेष गरी रणनीतिक हिमाली भञ्ज्याङहरू मानिने कुती र केरुङ इलाकामा, सीमा रेखा र अधिकार क्षेत्रलाई लिएर लामो समयदेखि निरन्तर विवाद, मुठभेड र तनाव उत्पन्न भइरहेको थियो।

- सौगात मण्डलमाथिको अपमानजनक आक्रमणः सन् १८४८ र सन् १८५२ मा पेकिङ (बेइजिङ) तर्फ गएको नेपाली सौगात मण्डलका सदस्यहरूमाथि तिब्बती भूभागमा भएको दुर्व्यवहार, अमानवीय व्यवहार र लुटपाटले काठमाडौँको दरबार र नेपालको राष्ट्रिय स्वाभिमानमा गम्भीर चोट पुर्याएको थियो।

- मुद्रा विनिमय र आर्थिक क्षतिपूर्ति विवादः मल्लकालदेखि चली आएको सिक्का विनिमय सम्बन्धी विवाद र १७९२ को बेत्रावती सन्धिपछि तिब्बतले नेपाली व्यापारी तथा राज्यलाई पुर्याएको आर्थिक क्षतिपूर्तिको भुक्तानी नगर्नुले दुई देशबीचको आर्थिक कूटनीतिलाई चरम गतिरोधमा पुर्याएको थियो ।

थापाथली सन्धिका मुख्य प्रावधानहरूः नेपाली सेनाको सामरिक विजय र लामो कूटनीतिक रस्साकस्सी पश्चात्, २४ मार्च १८५६ (वि.सं. १९१२ चैत्र सुदी ३) मा काठमाडौँको थापाथली दरबारमा नेपाल र तिब्बतका प्रतिनिधिहरूबीच १० बुँदे ऐतिहासिक शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर भयो। यस सन्धिले नेपाललाई हिमाली भू-राजनीतिमा अभूतपूर्व कूटनीतिक र आर्थिक फाइदा पुर्यायो । यसका मुख्य तथा दूरगामी प्रावधानहरू निम्नलिखित अनुसार रहेका छन् (अनुसूचि-१)

- वार्षिक सलामीः तिब्बतले नेपाललाई वार्षिक १० हजार रुपैयाँ बुझाउने ।
- पारस्परिक सुरक्षाः भोटमाथि आक्रमण भएमा नेपालले सहयोग गर्ने र पहिलेको समझदारी मान्ने ।
- व्यापारिक अधिकारः नेपाली व्यापारीहरूलाई भोटमा व्यापार गर्न कुनै अवरोध नगर्ने ।
- फिर्ता प्रावधानः युद्धमा पक्राउ परेका गोर्खाका सिपाही, हातहतियार र तोप भोटले फिर्ता दिने ।
- नेपाली प्रतिनिधिः ल्हासामा गोर्खा सरकारको तर्फबाट एक प्रतिनिधी _ वकिल रहने ।
- व्यापारिक कोठी सुरक्षाः ल्हासास्थित नेपालीको कोठी र त्यहाँका वस्तुहरूको सुरक्षा गर्ने ।
- मुद्दा मामिलाः ल्हासामा नेपालीका महाजन र भोटका रैयतबीच विवाद भएमा नेपाली प्रतिनिधिले निष्पक्ष निर्णय गर्ने ।
- न्यायिक अधिकारः नेपालीका मानिसको जीउमा भोटले र भोटका मानिसको जीउमा नेपालीले दण्ड नदिने (कानुनी क्षेत्राधिकार) ।
- सम्पत्ति सुरक्षाः महाजनको धनमाल लुटिएमा भोट सरकारले खोजी गरी असुल उपर गरिदिने ।
- युद्धबन्दी हस्तान्तरण र क्षमादानः लडाईका बेला दुवैतर्फ वन्दि बनाई लागिएका रैतीहरूलाई दुवै तर्फबाट क्षमा दिने ।

भू-राजनीतिक विश्लेषणः जङ्गबहादुर राणा एक चतुर भू-राजनीतिक विश्लेषक भएकाले उनलाई तत्कालीन चिनियाँ छिङ साम्राज्य आन्तरिक रूपमा 'ताइपिङ विद्रोह' (सन् १८५०-१८६४) र बाह्य रूपमा पश्चिमी औपनिवेशिक शक्तिहरूको चापमा फसेको हुनाले उसले तिब्बतलाई कुनै पनि किसिमको सैन्य वा

आर्थिक सहयोग पठाउन नसक्ने पूर्ण जानकारी थियो। यस अनुकूल अवसरको उपयोग गर्दै काठमाडौंस्थित बेलायती रेसिडेन्टमार्फत बेलायती इस्ट इन्डिया कम्पनीको तटस्थता सुनिश्चित गरी, नेपालले युद्धको व्यापक तयारी गर्यो । जङ्गबहादुरले देशभरिबाट हतियार, तोप र जनशक्ति परिचालन गरी सन् १८५५ को वसन्त ऋतुमा कुती, केरुङ, झुङ्गा र ओलाङचुङगोला जस्ता रणनीतिक क्षेत्रहरूमा एकैसाथ त्रिमुखी सैन्य आक्रमण सुरु गरे ।

सुरुवाती चरणमा नेपाली सेनाले उच्च हिमाली भेगका रणनीतिक क्षेत्रहरूमाथि सहजै नियन्त्रण कायम गर्यो । यद्यपि, अत्यधिक जाडो र हिउँदको प्रतिकूल मौसमको फाइदा उठाउँदै तिब्बती सेनाले केही स्थानहरूमा कडा प्रत्याक्रमण गरी रणनीतिक विन्दुहरू फिर्ता लिने प्रयास गर्यो। तर, अन्ततः जनरल बमबहादुर शाह, कमान्डर-इन-चिफ धीरशमशेर र अन्य वरिष्ठ भारदारहरूको प्रत्यक्ष कुशल नेतृत्वमा थप सैन्य टोली र तोपखाना पठाएर नेपाली सेनाले पूर्ण तयारीका साथ निर्णायक आक्रमण गर्यो। यस भीषण लडाइँमा तिब्बती सेना नराम्ररी पराजित भयो (Upadhaya, १९५०) । सैन्य पराजय निश्चित भएपछि र काठमाडौंतर्फ नेपाली सेना थप अघि बढ्ने सम्भावना देखेर तिब्बत सरकारले ल्हासास्थित चिनियाँ प्रतिनिधि ( अम्बान) को मध्यस्थतामा नेपालसमक्ष औपचारिक रूपमा शान्ति वार्ताको प्रस्ताव राख्यो। यसरी लामो सैन्य द्वन्द्व र कूटनीतिक रस्साकस्सी पछि सन् १८५६ मार्च २४ (वि.सं. १९१२ चैत्र सुदी ३) मा काठमाडौंस्थित थापाथली दरबारमा दुवै देशबीच १० बुँदे ऐतिहासिक शान्ति सम्झौता सम्पन्न भयो । यस सन्धिले नेपाललाई हिमाली व्यापारमा भन्साररहित एकाधिकार, ल्हासामा नेपाली प्रतिनिधि (वकिल) राख्ने अधिकार र आफ्ना नागरिकहरूका लागि राज्यक्षेत्रातीत न्यायिक अधिकार प्रदान गरी क्षेत्रीय भू-राजनीतिमा नेपालको उपस्थिति सुदृढ बनायो ।

नेपालको भू-राजनीतिक र आर्थिक उपलब्धिः थापाथली सन्धिले नेपाललाई एसियाको भू-राजनीति र हिमाली क्षेत्रको कूटनीतिमा एक अत्यन्तै प्रभावकारी, स्वायत्त र शक्तिशाली राज्यको रूपमा स्थापित गर्यो । आर्थिक दृष्टिकोणले यो सन्धि नेपाली व्यापारीहरू र राज्यको ढुकुटीका लागि 'स्वर्ण युग' सरह सिद्ध भयो । भन्सार छुटको सर्वसुलभ प्रावधानले गर्दा नेपाली व्यापारीहरू–विशेष गरी काठमाडौं उपत्यकाका नेवार समुदायका '३२ कोठी' का स्थापित साहु-महाजनहरूले तिब्बत, भारत र मध्य एसियाबीचको अन्तरदेशीय व्यापारिक सञ्जालमा पूर्ण एकाधिकार जस्तै कायम गरे । ल्हासा, शिगात्से, ग्यान्त्से र याटुङ जस्ता प्रमुख

तिब्बती व्यापारिक केन्द्रहरूमा नेपाली व्यापारीहरूको आर्थिक हैसियत यति मजबुत र प्रभावकारी भयो कि उनीहरूले तिब्बतको आन्तरिक बजार, विनिमय दर तथा समग्र अर्थतन्त्रलाई नै ठूलो हदसम्म नियन्त्रण, सञ्चालन र प्रभावित गर्न सक्ने असाधारण अवस्था सिर्जना भयो । तिब्बत सरकारले नेपाललाई वार्षिक रूपमा बुझाउने १० हजार रुपैयाँ तत्कालीन समयमा एक ठूलो मौद्रिक रकम थियो । यसले नेपालको राष्ट्रिय ढुकुटी तथा सत्तासीन राणा शासकहरूको वैदेशिक आय स्रोतलाई निरन्तर रूपमा सबल र सुदृढ बनाइराख्यो।

यसका साथै ल्हासामा नेपाली प्रतिनिधिको (वकिल) स्थायी कूटनीतिक नियुक्ति र राज्यक्षेत्रातीत विशेष कानुनी अधिकार प्राप्त गर्नु भनेको आधुनिक अन्तर्राष्ट्रिय कानुनको दृष्टिमा नेपालले तिब्बतमाथि एक प्रकारको औपनिवेशिक वा अर्ध-औपनिवेशिक स्तरको विशेषाधिकार उपभोग गर्नु सरह थियो (Michaels, २०२३) । तिब्बती भूभागभित्र रहेका नेपाली नागरिकहरूमाथि तिब्बती अदालत, कानुनी संयन्त्र र स्थानीय अधिकारीहरूको क्षेत्राधिकार लागू नहुने तथा नेपाली वकिलले नै उनीहरूमाथिका न्यायिक तथा व्यापारिक विवादको छिनोफानो गर्ने यो व्यवस्थाले हिमाली कूटनीतिमा नेपालको कानुनी, प्रशासनिक तथा राजनीतिक प्रभुत्वलाई स्पष्ट रूपमा उजागर गरेको थियो । यस अभूतपूर्व व्यापारिक तथा न्यायिक विशेषाधिकारले नेपाली साहु-महाजनहरूलाई तिब्बतभित्र आफ्नै प्रशासनिक, सुरक्षात्मक एवं व्यापारिक सञ्जाल र एकाधिकार विस्तार गर्ने सुरक्षित बाटो खोलिदियो ।

यस आर्थिक एवं कानुनी वातावरणका कारण काठमाडौँ उपत्यकाका परम्परागत हस्तकला, कास्य तथा पित्तलका मूर्ति, सूती वस्त्र, काठका कलाकृति र धातुका बहुमूल्य सामग्रीहरू तिब्बती बजारमा ठूलो परिमाणमा निर्यात हुन थाले । अर्कोतर्फ, तिब्बतबाट कच्चा सुन, चाँदी, हिमाली ऊन, नुन, च्याङ्ग्रा र कस्तुरीजस्ता बहुमूल्य वस्तुहरू सहज रूपमा नेपाल भित्रिए । यस सन्धिका कारण प्राप्त भएको दीर्घकालीन आर्थिक लाभ, निर्बाध व्यापारिक पहुँच र कानुनी सुरक्षाले गर्दा काठमाडौँको व्यापारिक समुदाय अभूतपूर्व रूपमा समृद्ध बन्नुका साथै हिमाली क्षेत्रभरि नेपाली मुद्रा, व्यापारिक साख र कूटनीतिक प्रभाव थप सुदृढ र अक्षुण्ण बन्न पुग्यो ।

छिङ साम्राज्य र बेलायती दृष्टिकोणः थापाथली सन्धिले हिमाली भेगमा छिङ साम्राज्यको राजनीतिक प्रभाव शिथिल भइसकेको यथार्थलाई प्रष्ट पारेको थियो। १८औं शताब्दीको अन्त्यतिर सन् १७९२ को बेत्रावती सन्धिमार्फत हिमाली भू-राजनीतिमा बलियो उपस्थिति देखाएको छिङ (चिनियाँ) शक्ति १९औं शताब्दीको

मध्यभागसम्म आइपुग्दा बाह्य औपनिवेशिक दबाब र आन्तरिक विद्रोहका कारण सैन्य एवं राजनीतिक रूपमा निकै कमजोर भइसकेको थियो । थापाथली सन्धिको प्रस्तावनामा चिनियाँ सम्राटप्रति परम्परागत आदर व्यक्त गरिए तापनि, व्यावहारिक कूटनीतिक धरातलमा ल्हासाका चिनियाँ प्रतिनिधि (अम्बान) केवल मूकदर्शक वा साक्षीका रूपमा मात्र सीमित रहे । नेपाल र तिब्बतलाई छिङ साम्राज्यका संरक्षित राज्य मान्ने चिनियाँ भ्रमलाई चिर्दै यस सन्धिले दुवै देशलाई आपसमा सिधा वार्ता र सम्झौता गर्न सक्ने सार्वभौम एवं स्वायत्त शक्तिका रूपमा प्रस्तुत गर्‍यो ।

अर्कोतर्फ, दक्षिण एसियामा आफ्नो साम्राज्य विस्तार गरिरहेको बेलायती इस्ट इन्डिया कम्पनीले यो सिङ्गो सैन्य तथा कूटनीतिक घटनाक्रमलाई अत्यन्त सूक्ष्म र गम्भीर रूपमा नियालिरहेको थियो । काठमाडौँस्थित बेलायती रेसिडेन्ट तथा कलकत्तास्थित गभर्नर जनरलले नेपालको यस तिब्बतकेन्द्रित सैन्य अभियानलाई बेलायती साम्राज्यको रणनीतिक हितविपरीत नहुने निष्कर्ष निकालेका थिए। बेलायतको भू-राजनीतिक स्वार्थ नेपाल र चीनको सिधा सीमा सम्पर्क नहोस् र तिब्बत एउटा अभेद्य 'बफर स्टेट'को रूपमा कायम रहोस् भन्नेमा निहित थियो । नेपालले तिब्बतमाथि आफ्नो राजनीतिक र व्यापारिक प्रभाव अभिवृद्धि गर्दा मध्य एसियातर्फ विस्तार भइरहेको रुसी साम्राज्य वा छिङ चीनको एकछत्र प्रभावलाई रोक्न सकिने बेलायती कूटनीतिक बुझाइ रहेको थियो (Miele, २०१७) ।

यसै रणनीतिक सोचका कारण बेलायतले युद्धको समयमा जङ्गबहादुरलाई आवश्यक सैन्य सामग्री र हातहतियार खरिदमा अप्रत्यक्ष रूपमा सहयोग समेत पुर्‍याएको थियो । बेलायतीहरू हिमालय पार गरेर तिब्बत र मध्य एसियासम्म ब्रिटिस-इन्डियाको व्यापारिक मार्ग विस्तार गर्न चाहन्थे र नेपालले थापाथली सन्धिमार्फत तिब्बतको बजार खुला गराउन सकेमा ब्रिटिस-इन्डियाका वस्तुहरू समेत नेपाली व्यापारीहरूमार्फत तिब्बत र मध्य एसियासम्म सहजै पुर्‍याउन सकिने उनीहरूको दूरगामी आर्थिक आकलन थियो ।

अर्कोतर्फ दक्षिण एसियामा आफ्नो साम्राज्य विस्तार गरिरहेको बेलायती इस्ट इन्डिया कम्पनीले यो सिङ्गो सैन्य तथा कूटनीतिक घटनाक्रमलाई अत्यन्त सूक्ष्म र गम्भीर रूपमा नियालिरहेको थियो । काठमाडौँस्थित बेलायती रेसिडेन्ट तथा कलकत्तास्थित गभर्नर जनरलले नेपालको यस तिब्बतकेन्द्रित सैन्य अभियानलाई बेलायती साम्राज्यको रणनीतिक हितविपरीत नहुने निष्कर्ष निकालेका थिए । बेलायतको भू-राजनीतिक स्वार्थ नेपाल र चीनको सिधा सीमा सम्पर्क नहोस् र तिब्बत एउटा अभेद्य 'बफर स्टेट'को रूपमा

कायम रहोस् भन्नेमा निहित थियो । नेपालले तिब्बतमाथि आफ्नो राजनीतिक र व्यापारिक प्रभाव अभिवृद्धि गर्दा मध्य एसियातर्फ विस्तार भइरहेको रुसी साम्राज्य वा छिङ चीनको एकछत्र प्रभावलाई रोक्न सकिने बेलायती कूटनीतिक बुझाइ रहेको थियो (Miele, २०१७) । यसै रणनीतिक सोचका कारण बेलायतले युद्धको समयमा जङ्गबहादुरलाई आवश्यक सैन्य सामग्री र हातहतियार खरिदमा अप्रत्यक्ष रूपमा सहयोग समेत पुर्‍याएको थियो । बेलायतीहरू हिमालय पार गरेर तिब्बत र मध्य एसियासम्म ब्रिटिस-इन्डियाको व्यापारिक मार्ग विस्तार गर्न चाहन्थे र नेपालले थापाथली सन्धिमार्फत तिब्बतको बजार खुला गराउन सकेमा ब्रिटिस-इन्डियाका वस्तुहरू समेत नेपाली व्यापारीहरूमार्फत तिब्बत र मध्य एसियासम्म सहजै पुर्‍याउन सकिने उनीहरूको दूरगामी आर्थिक आकलन थियो ।

यसका अतिरिक्त, बेलायती कम्पनी सरकारले नेपाल र तिब्बतबीचको सम्बन्धलाई आफ्नै औपनिवेशिक स्वार्थ अनुकूल उपयोग गर्ने दीर्घकालीन नीति अख्तियार गरेको थियो । तत्कालीन समयमा एसियामा प्रभुत्व जमाउन रसियाली साम्राज्य र ब्रिटिस साम्राज्यबीच भइरहेको महाशक्ति प्रतिस्पर्धा ('द ग्रेट गेम') का सन्दर्भमा मध्य एसिया र तिब्बती पठारको रणनीतिक महत्त्व अत्यधिक बढेको थियो । यस्तो परिस्थितिमा यदि नेपालले तिब्बतमा आफ्नो बलियो उपस्थिति र व्यापारिक वर्चस्व कायम गर्न सकेको खण्डमा त्यसले उत्तरबाट हुन सक्ने चिनियाँ वा रुसी घुसपैठलाई प्राकृतिक रूपमा रोक्ने सुरक्षा कवचको काम गर्ने ब्रिटिसहरूको विश्लेषण थियो । त्यसैले बेलायती अधिकारीहरूले यस युद्धमा तटस्थताको नीति अवलम्बन गरेको जस्तो देखाए तापनि जङ्गबहादुरलाई आवश्यक आधुनिक हातहतियार र बारुदको आपूर्तिमा प्रोत्साहन दिएका थिए । थापाथली सन्धिमार्फत नेपाली व्यापारीहरूले तिब्बती बजारमा पाएको भन्साररहित प्रवेश र राज्यक्षेत्रातीत विशेषाधिकारले ब्रिटिस-इन्डियाका वस्तुहरूलाई समेत नेपाली मध्यस्थतामार्फत तिब्बतका ल्हासा, शिगात्से र ग्यान्त्से जस्ता प्रमुख सहरहरूसम्म पुर्‍याउने ढोका खोलिदियो । यसरी थापाथली सन्धि केवल नेपाल र तिब्बतको द्विपक्षीय विषय मात्र नरहेर तत्कालीन ब्रिटिस-इन्डियाको त्रिआयामिक कूटनीति, हिमाली व्यापारिक मार्गको विस्तार र भू-राजनीतिक सन्तुलन कायम राख्ने एउटा महत्त्वपूर्ण औजार समेत बन्न पुगेको थियो ।

## निष्कर्ष

ऐतिहासिक दृष्टिबाट विश्लेषण गर्दा सन् १८५६ मा सम्पन्न थापाथली सन्धिले नेपालको कूटनीतिक सामर्थ्य र सामरिक दूरदर्शिताको एउटा अद्वितीय उदाहरण प्रस्तुत गर्दछ । सन् १७९२ को बेत्रावती सन्धिपछि शिथिल बनेको राष्ट्रिय स्वाभिमान र सीमित भएको क्षेत्रीय प्रभावलाई यस सन्धिले पुनः जागृत गरायो । फलस्वरूप, नेपाल हिमाली भू-राजनीति र अन्तरदेशीय व्यापारिक परिदृश्यमा एक निर्णायक तथा सबल शक्तिका रूपमा पुनः स्थापित हुन पुग्यो । प्रधानमन्त्री जङ्गबहादुर राणाको प्रखर कूटनीतिक चातुर्य एवं क्षेत्रीय शक्ति सन्तुलनको सूक्ष्म विश्लेषणका कारण नेपालले ठूलो सैन्य क्षति र धनजनको विनाशबिना नै तिब्बती बजारमा पूर्ण भन्साररहित व्यापारिक पहुँच, दीर्घकालीन आर्थिक लाभ तथा राज्यक्षेत्रातीत न्यायिक विशेषाधिकार जस्ता महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्यो ।

थापाथली सन्धि मार्फत स्थापित नेपाल-तिब्बत कूटनीतिक तथा कानुनी सम्बन्ध बीसौं शताब्दीको मध्यसम्म निरन्तर कायम रह्यो । तर सन् १९५० मा जनवादी गणतन्त्र चीनले तिब्बतमाथि आफ्नो पूर्ण प्रशासनिक नियन्त्रण र सार्वभौमसत्ता स्थापित गरेसँगै हिमाली क्षेत्रको भू-राजनीतिक शक्ति सन्तुलनमा व्यापक परिवर्तन भयो । शीतयुद्धकालीन नयाँ राजनीतिक परिदृश्यका कारण यस सन्धिको ऐतिहासिक तथा व्यावहारिक प्रासंगिकता क्रमशः समाप्त हुँदै गयो । यसै पृष्ठभूमिमा २० सेप्टेम्बर १९५६ मा नेपाल र चीनबीच सम्पन्न 'मैत्री तथा व्यापार सम्बन्धी सम्झौता' ले थापाथली सन्धिलाई औपचारिक रूपमा खारेज गर्यो। यस नयाँ सम्झौतासँगै तिब्बतमा नेपालले प्राप्त गर्दै आएको विशेष व्यापारिक सुविधा, राज्यक्षेत्रातीत न्यायिक अधिकार र वार्षिक १० हजार रुपैयाँ सलामी पाउने शताब्दी लामो परम्पराको अन्त्य भयो। यद्यपि, एउटा ऐतिहासिक दस्ताबेजका रूपमा थापाथली सन्धिले नेपाली राज्यको सार्वभौमिकता, सामरिक स्वायत्तता र हिमाली कूटनीतिमा नेपालको ऐतिहासिक वर्चस्वको प्रमाणका रूपमा सदैव विशिष्ट स्थान ओगटेको छ ।

समग्रमा भन्नुपर्दा, थापाथली सन्धिको महत्त्व तत्कालीन सामरिक विजय र आर्थिक सहुलियतमा मात्र सीमित नभई आधुनिक नेपालको परराष्ट्र नीतिको निर्माणमा समेत उत्तिकै महत्त्वपूर्ण मानिन्छ । दुई ठूला शक्तिशाली छिमेकीहरू (चीन र ब्रिटिस इन्डिया) को आन्तरिक सङ्कट र शक्ति सन्तुलनको लाभ उठाउँदै साना र हिमाली राष्ट्रहरूले कसरी आफ्नो राष्ट्रिय हितको रक्षा र संवर्धन गर्न सक्छन् भन्ने विषयको यो एक उत्कृष्ट कूटनीतिक उदाहरण हो । यस सन्धिले प्रदान गरेको राज्यक्षेत्रातीत अधिकार र खुला व्यापारिक

पहुँचले अन्तर्राष्ट्रिय कानुन एवं क्षेत्रीय व्यापारिक संरचनामा नेपालको स्वायत्त हैसियत र हिमाली क्षेत्रमा यसको नेतृत्वदायी भूमिकालाई दशकौँसम्म सुदृढ र अक्षुण्ण राख्न आधारभूत योगदान पुर्याएको देखिन्छ । यसका साथै सन्धिले ल्हासास्थित नेपाली प्रतिनिधि (वकिल) मार्फत सञ्चालित विशेष कूटनीतिक संयन्त्रको विकास गर्यो। यसले गर्दा तिब्बत र हिमाली क्षेत्रमा नेपाली नागरिक तथा व्यापारिक समुदायको जीउधनको दीर्घकालीन सुरक्षा सुनिश्चित भएको थियो। यसरी शक्ति सन्तुलनको कूटनीति, व्यापारिक विशेषाधिकार र राज्यक्षेत्रातीत न्यायिक क्षेत्राधिकारको सफल प्रयोगमार्फत साना राष्ट्रहरूले पनि तत्कालीन क्षेत्रीय सामरिक शक्तिहरूका माझ आफ्नो विशिष्ट पहिचान र स्वायत्तता अक्षुण्ण राख्न सक्छन् भन्ने कुरा यस सन्धिको दूरगामी ऐतिहासिक प्रभावले स्पष्ट पार्दछ ।

## सन्दर्भसूची

Aitchison,C.U., (1892). *A collection of treaties, engagements and sanads relating to India and neighbouring countries Vol. iii.* Office of the Superintendent of Government of India.

Bell,C. ( 1997 ). *Tibet Past and present*. DK Publishers and Distributors.

Michaels, A. (2023). *Nepal: A history from the earliest times to the present*. Oxford University Press.

Miele, M. (2017). *British diplomatic views on Nepal and the ch'ing empire from the British point of view*. Fellow, Royal Asiatic Society of Great Britain and Ireland.

Rose, L. E. (1971). *Nepal: Strategy for survival*. University of California Press.

Thorhallsson, B., & Bailes, A. J. (2016). Small state diplomacy. In C. M. Constantinou, P. Kerr, & P. Sharp (Eds.), *The Sage Handbook of Diplomacy*. Sage.

Upadhaya, R. (1950). *Nepalko itihas arthat digdarshan* . Subba Homanath Kedarnath.

Wright, D. (1877). *History of Nepal*. Cambridge University Press.